# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामतडी, मुगु
## कर्णाली प्रदेश,नेपाल

**शैक्षणिक स्रोत व्यक्ति पदमा करार पूर्तिका लागि प्रकाशित सूचना।**

(प्रथम पटक प्रकाशन मितिः- २०८२/०४/०८)

यस कार्यालयको मिति २०८२/०४/०७ गतेको निर्णय अनुसार टेक्सस नेपाल र खत्याड गाउँपालिकाको साझेदारीमा शिक्षकको पेशागत सिप, दक्षतामा अभिवृद्धि ल्याई प्रभावकारी शिक्षण सहजीकरण गर्नका लागि सेवा करारमा शैक्षणिक स्रोत व्यक्ति पदमा करार पद्द पूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिमका योग्यता पुगेका पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात सहित कार्यालय समयमा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | ०१-०८२/०८३ | शैक्षणिक स्रोत व्यक्ति (Pedagogical Person) | १ (एक) | |

१. आवश्यक न्यूनतम योग्यताः
- क) २१ बर्ष पुरा भई ४५ वर्ष उमेर ननाघेको,
- ख) शिक्षा शास्त्र संकायमा स्नातकोत्तर तह उत्तीर्ण गरी शिक्षा क्षेत्रको पेशागत विकासमा कम्तिमा ३(तिन) बर्ष अनुभव प्राप्त गरेको,
- ग) तालिम सहजीकरण, मार्गदर्शन तथा सिकाइ सामाग्री विकासमा अनुभव भएको,
- घ) शिक्षण अभ्यासमा शिक्षण प्रविधि र डिजिटल सिकाइ प्लेटफर्महरुको प्रयोग गर्न सक्ने,
- ङ) नेपालमा सञ्चालनमा रहेका समावेशी शिक्षा सम्वन्धी नीतिहरु, प्राविधिक पक्षहरु राम्रो ज्ञान भएको,
- च) कार्य जिम्मेवारीमा नवीनता र लचकता देखाउन सक्ने क्षमता भएको,
- छ) प्रचलित कानुनले अयोग्य नभएको,
- ज) कुनै पनि राजनीतिक दलको सदस्य नरहेको ।

२. निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः
- क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी एक/ एक प्रति,
- ग) तालिम तथा अनुभव प्रमाणपत्रको प्रतिलिपी एक/ एक प्रति,
- घ) पासपोर्ट साइजको फोटो ३ प्रति,
- ङ) आवेदन दस्तुर रु. २०००।— (अक्षरुपी दुई हजार रुपैयाँ) तिरेको सक्कल रसिद।

डा. रोशन राज बहादुर सिंह ठकुरी
नि.प्रमुख प्रशासकीय अधिकृत

३. अन्य विवरण
- क) परीक्षा मितिः- परीक्षा सञ्चालन मिति तोकिएपछि सम्वन्धित उम्मेद्वारलाई जानकारी गराइने छ।
- ख) काम गर्नुपर्ने स्थानः पालिकाले खटाए बमोजिम,
- ग) परीक्षामा प्रयोग हुने पाठ्यक्रम र परीक्षा सञ्चालन पद्धतीः- परीक्षा संचालन मिति भन्दा कम्तीमा ७ (सात) दिन अगावै यस कार्यालयको Website मा प्रकाशन गरीनेछ।

"मिलेर फालौ भ्रष्टाचारको जालोः सुशासन प्रवर्द्धनमा गरौ हातेमालो"

Email: ito.khatyadmun@gmail.com, info@khatyadmun.gov.np
Website: www.khatyadmun.gov.np